# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, पुस १२ गते २०४५ साल (संख्या ३६

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

**हातहतियार खरखजाना (तेस्रो संशोधन) नियमावली, २०४५**

हातहतियार खरखजाना नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "हातहतियार खरखजाना (तेस्रो संशोधन) नियमावली, २०४५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. हातहतियार खरखजाना नियमावली, २०२८ को नियम २ मा संशोधन: हातहतियार खरखजाना नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :–

"(ङ) "परिवार" भन्नाले सगोलको पति, पत्नी, छोरा वा अविवाहित छोरी सम्झनुपर्छ ।"

२५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः–

"३. इजाजतपत्र लिनु पर्ने हातहतियार तथा खरखजानाः (१) १२,१६,२०, ४१० बोरको टोटावाल बन्दूक (शर्टगन) भरूवा बन्दूक, हावादारी बन्दूक र.२२ बोरको राइफल र त्यसका खरखजाना सुरक्षा वा शिकारको लागि राख्न, लिएर हिंड्न वा प्रयोग गर्नको लागि इजाजतपत्र लिनु पर्नेछ।

तर टोटावाल बन्दूक, भरूवा बन्दूक वा .२२ बोरको राइफल र त्यसका खरखजाना राख्न इजाजतपत्रप्राप्त व्यक्तिले हावादारी बन्दूक राख्नको लागि छुट्टै इजाजतपत्र लिनु पर्नेछैन र हावादारी बन्दूक राखेबापत कुनै दस्तूर तिर्नु पर्नेछैन।

(२) उपनियम (१) मा उल्लेख भएका बाहेक अरु कुनै पनि किसिमका बन्दूक, पेस्तोल वा रिवाल्भर र त्यस्ता हातहतियारका खरखजानाको लागि इजाजतपत्र दिइनेछैन।"

४. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः–

"४. इजाजतपत्र दिइने हातहतियारको संख्याः (१) हातहतियारको इजाजतपत्र दिंदा हावादारी बन्दूकबाहेक एक व्यक्तिलाई बढीमा तीन नालसम्म, सगोलको एक परिवारलाई बढीमा ६ नालसम्म र कूटनैतिक सुविधाप्राप्त व्यक्तिलाई बढीमा ६ नालसम्म हातहतियार राख्न इजाजतपत्र दिइनेछ।

तर यो नियम प्रारम्भ हुँदाको बखत कसैले इजाजतपत्र प्राप्त गरी यस नियमबमोजिम राख्न पाउने भन्दा बढी हातहतियार खरखजाना राखेको रहेछ भने त्यस्तो व्यक्तिले त्यस्तो हातहतियार खरखजाना आफ्नो जीवनभर मात्र राख्न पाउनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कूटनैतिक सुविधाप्राप्त व्यक्तिबाहेक अन्य व्यक्तिलाई एक पटकमा एक नाल हातहतियारको मात्र इजाजतपत्र दिइनेछ र त्यसरी इजाजतपत्र प्राप्त गरेको पाँच वर्ष भुक्तान नभइकन थप हातहतियारको लागि इजाजतपत्र दिइने छैन।

(३) उपनियम (१) र (२) को व्यवस्था विभूषण नियमावली, २०२३ बमोजिम हातहतियार राख्न पाउने सुविधाको सम्बन्धमा लागू हुनेछैन।"

250



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः–

"(ज) पहिले कुनै हातहतियार अरूलाई बेचबिखन वा नामसारी गरेको छ छैन ।"

६. मूल नियमावलीको नियम ८ मा संशोधनः मूल नियमावलीको नियम ८ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) यस नियमावलीबमोजिम हातहतियार राख्न इजाजतपत्रप्राप्त व्यक्तिले देहायको हातहतियारको लागि एक पटकमा राख्न पाउने र प्रत्येक वर्ष विदेशबाट झिकाउन वा खरीद गर्न पाउने खरखजानाको परिमाण देहायबमोजिम हुनेछः–

| हातहतियारको किसिम | खरखजानाको परिमाण<br>जम्मा राख्न पाउने खरखजाना | प्रत्येक वर्ष विदेशबाट झिकाउन वा खरीद गर्न पाउने । |
|---|---|---|
| (क) १२,१६,२०,४१० बोरको बन्दूक (शर्टगन) को टोटा | दुईसयसम्म | एकसयसम्म |
| (ख) .२२ बोरको राइफलको शर्टगोली | दुईसयसम्म | दुईसयसम्म |
| (ग) भरूवा बन्दूकको | १. केप दुईसय<br>२. बारूद दुई के. जी.<br>३. शर्ट शिशाको गोली दुई के. जी. | १. केप एकसय<br>२. बारूद एक के.जी.<br>३. शर्ट शिशाको गोली एक के. जी. |
| (घ) हावादारी बन्दूकको | दुईहजार | दुईहजार |
| (ङ) टोटा भर्ने मेशिन | एक | एक |
| १. केप | एकसय | एकसय |
| २. बारूद | एक के. जी. | एक के. जी. |
| ३. शर्ट | एक के. जी. | एक के. जी. |
| (च) हावादारी बन्दूकको पिलेट बनाउने मेशीन | एक | एक |
| पिलेट | एक के. जी. | एक के. जी. |

तर–

(१) कूटनैतिक सुविधाप्राप्त व्यक्तिले यस उपनियममा उल्लेखित खरखजानाको परिमाणमा दोब्बरसम्म राख्न वा खरीद गर्न पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नियम ३ को उपनियम (१) बमोजिम इजाजतपत्र लिनुपर्ने हातहतियारबाहेक अन्य हातहतियारको इजाजतपत्र प्राप्त व्यक्तिले साबिक इजाजतपत्रमा तोकिएबमोजिमको खर-खजाना राख्न वा खरीद गर्न पाउनेछ ।"

७. मूल नियमावलीको नियम ९ मा संशोधनः मूल नियमावलीको नियम ९ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) इजाजतपत्रको दस्तूर श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ ।"

(२) उपनियम (३) र (४) झिकिएका छन् ।

८. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) इजाजतपत्रको नवीकरण दस्तूर श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए-बमोजिम हुनेछ ।"

९. मूल नियमावलीमा नियम १० क. थपः मूल नियमावलीको नियम १० पछि देहायको नियम १० क. थपिएको छः–

"१० क. नवीकरणसम्बन्धी विशेष व्यवस्थाः (१) नियम १० को उपनियम (२) को खण्ड (ग) मा तोकिएको म्यादभित्र विशेष परिस्थिति पर्न आई इजाजतपत्र नवीकरण गर्न नसकेको कारण खोली इजाजतपत्र-वालाले जिल्ला कार्यालयमा निवेदन दिएमा उक्त म्याद नाघेको मितिले देहायको अवधिको लागि नियम १० बमोजिम लाग्ने दस्तूरको अतिरिक्त देहायबमोजिमको थप दस्तूर लिई नवीकरण गर्न सक्नेछः–

| | |
|---|---|
| (क) एक वर्षसम्म | एकसय रूपैयाँ |
| (ख) दुई वर्षसम्म | दुईसय रूपैयाँ |
| (ग) तीन वर्षसम्म | तीनसय रूपैयाँ |
| (घ) चार वर्षसम्म | चारसय रूपैयाँ |
| (ङ) पाँच वर्षसम्म | पाँचसय रूपैयाँ |

(२) उपनियम (१) मा तोकिएको म्यादभित्र पनि इजाजतपत्र नवीकरण गर्न नसकेमा सो इजाजतपत्र स्वतः खारेज हुनेछ र त्यस्तो हात-हतियार जफत हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड (क) मा रहेको "उत्तरी प्रशासन क्षेत्रको प्रशासक" भन्ने शब्दहरूको सट्टा "सीमा प्रशासनका अधिकृत" भन्ने शब्दहरू राखिएका छन् ।

११. मूल नियमावलीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ को उपनियम (२) पछि देहायको उपनियम (३),(४), (५) र (६) थपिएका छन्:–

"(३) हातहतियारको इजाजतप्राप्त व्यक्तिले नियम ३ को उपनियम (१) मा उल्लेखित हातहतियारबाहेक अरू हातहतियार कसैलाई बेचबिखन वा नामसारी गर्न पाउनेछैन ।

(४) हातहतियारको इजाजतप्राप्त व्यक्तिले उपनियम (३) बमोजिम मनाही नगरिएका हातहतियारहरू पनि इजाजतपत्र पाएको मितिले ५ वर्ष भुक्तान नभएसम्म बेचबिखन वा नामसारी गर्न पाउनेछैन ।

तर इजाजतप्राप्त व्यक्तिले त्यस्तो हातहतियार सो अवधि ननाघदै पनि आफ्नो परिवारको कुनै सदस्यको नाममा नामसारी गरिदिन सक्नेछ ।

(५) उपनियम (२) बमोजिम निवेदन दिंदा इजाजतपत्रप्राप्त व्यक्तिको मृत्यु भएको मितिले ६ महीनाभित्र सम्बन्धित हकवालाले वा वारिसमार्फत निवेदन दिनु पर्नेछ ।

तर यो उपनियम प्रारम्भ हुनुभन्दा अघि मृत्यु भएको इजाजतपत्र प्राप्त व्यक्तिको नाममा रहेको हातहतियार त्यस्तो व्यक्तिको हकवालाले आफ्ना नाममा नामसारी गर्न यो उपनियम प्रारम्भ भएको मितिले ६ महीना-भित्र निवेदन दिनु पर्नेछ ।

(६) इजाजतप्राप्त व्यक्तिले श्री ५ को सरकारको स्वीकृति लिई आफूसंग भएको जुनसुकै किसिमको हातहतियार पनि विदेशी नागरिकलाई बेचबिखन गर्न यो नियमले बाधा पुऱ्याएको मानिनेछैन ।"

१२. मूल नियमावलीमा नियम १८ क. थपः मूल नियमावलीको नियम १८ पछि देहायको नियम १८ क. थपिएको छः–

"१८ क. पुरानो बन्दूकको नाल फुटाएर वा बोल्ट झिकेर राख्न पाउनेः कसैले पुरानो बन्दूकको नाल फुटाएर वा बोल्ट झिकेर शोखको लागि सजाएर राख्न चाहेमा नियम १० बमोजिम तोकिएको नवीकरण दस्तूर तिरी राख्न पाउनेछ ।

तर यस्तो बन्दूकको खरखजाना राख्न पाउनेछैन ।"

२५३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. मूल नियमावलीमा नियम १९ क., १९ ख. र १९ ग. थप: मूल नियमावलीको नियम १९ पछि देहायको नियम १९ क., १९. ख. र १९ ग. थपिएका छन्:–

"१९ क. हातहतियार दाखिला गर्ने: (१) इजाजतपत्रप्राप्त व्यक्तिले चाहेमा आफूसंग भएको हातहतियार र खरखजाना जिल्ला प्रहरी कार्यालयमार्फत श्री ५ को सरकारलाई बुझाउन सक्नेछ ।

(२) नियम ३ को उपनियम (२) मा उल्लेखित हातहतियारको इजाजतपत्रप्राप्त व्यक्तिको मृत्यु भएमा त्यस्ता हातहतियार र नियम ४ को उपनियम (१) मा तोकिएको नालभन्दा बढी हातहतियार राख्न पाउने इजाजतपत्रप्राप्त व्यक्तिको मृत्यु भएमा त्यस्तो बढी हातहतियार मृतकको हकवालाले इजाजतपत्रप्राप्त व्यक्तिको मृत्यु भएको ६ महीनाभित्र सम्बन्धित जिल्ला प्रहरी कार्यालयमार्फत श्री ५ को सरकारमा बुझाउनु पर्नेछ ।

(३) नियम १७ को उपनियम (२) बमोजिम इजाजतपत्रप्राप्त व्यक्तिको शेषपछि निजको सबभन्दा नजिकको हकवालाको नाममा हातहतियार नामसारी गर्न सम्बन्धित अञ्चलाधीशले उपयुक्त नठहराएमा त्यसको सूचना पाएको मितिले ३५ दिनभित्र सम्बन्धित हकवालाले उक्त हातहतियार सम्बन्धित जिल्ला प्रहरी कार्यालयमार्फत श्री ५ को सरकारमा बुझाउनु पर्नेछ ।

१९ ख. मुआब्जा दिइने: नियम १९ क. बमोजिम दाखिल हुन आएको हातहतियार र खरखजानाको सम्बन्धमा नियम १९ ग. बमोजिम गठित मुआब्जा निर्धारण समितिले निर्धारण गरेबमोजिमको मुआब्जा रकम श्री ५ को सरकारले त्यस्तो हातहतियार खरखजाना दाखिल गर्ने व्यक्तिलाई दिनेछ ।

१९ ग. मुआब्जा निर्धारण समिति: (१) नियम १९ ख. बमोजिम मुआब्जा निर्धारण गर्न देहायका सदस्यहरू भएको मुआब्जा निर्धारण समिति गठन हुनेछ:–

(क) अञ्चलाधीश – अध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) बागमती अञ्चलको हकमा शाही नेपाली जङ्गी अड्डाले खटाएको प्रतिनिधि र अन्य अञ्चलको हकमा शाही नेपाली सेनाको स्थानीय ब्यारेकको प्रमुख – सदस्य

(ग) अञ्चल प्रहरी उपरिक्षक – सदस्य

(घ) बागमती अञ्चलको हकमा भन्सार विभागले खटाएको प्रतिनिधि र अन्य अञ्चलको हकमा स्थानीय भन्सार कार्यालयको प्रमुख वा सो कार्यालय नभएको स्थानमा मालपोत कार्यालय वा माल कार्यालयको प्रमुख – सदस्य

(२) मुआब्जा निर्धारण समितिले दाखिला हुन आएको हातहतियार र खरखजानाको अवस्था एवं मूल्यको जाँचबुझ गरी मुआब्जा रकम निर्धारण गरी गृह मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) मुआब्जा निर्धारण समितिले निर्धारण गरेको मुआब्जामा चित्त नबुझ्ने व्यक्तिले मुआब्जा निर्धारण भएको कुराको सूचना पाएको मितिले पैंतीस दिनभित्र श्री ५ को सरकारमा पुनरावेदन दिन सक्नेछ र त्यस्तोमा श्री ५ को सरकारको निर्णय अन्तिम हुनेछ ।"

१४. मूल नियमावलीको अनुसूची ६ मा संशोधनः मूल नियमावलीको अनुसूची ६ को शर्त नं. (८) मा रहेको "जङ्गली जीवजन्तु संरक्षण ऐन, २०१५ अन्तर्गत बनेको शिकार नियमावली, २०२३ को नियम" भन्ने वाक्यांशको सट्टा "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०" भन्ने वाक्यांश राखिएका छन् ।

१५. रूपान्तरः मूल नियमावलीमा "गृह पञ्चायत मन्त्रालय" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "गृह मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
भक्तबहादुर कोइराला
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।